# राष्ट्रिय चिकित्साशिक्षा बिधेयक, २०७५ मागरिनु पर्ने सुधार

# वा थप गरिनुपर्ने बिषयहरु

| क्र.स. | बिधेयकमाभएकाव्यवस्थाहरु | बिधेयकमाहुनुपर्ने वा थप गरिनु पर्ने व्यवस्थाहरु |
|---|---|---|
| १ | प्रस्तावनामा थप गरिनु पर्ने | चिकित्साशिक्षासम्बन्धी राष्ट्रिय नीतितर्जुमाउच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०७२को मर्म र भावना समेतलाई दृष्टिगत गरी |
| २ | दफा २ (च) माभएको "चिकित्साशिक्षा"को परिभाषापरिमार्जन गरिनु पर्ने | "चिकित्साशिक्षा"भन्नाले स्वास्थ्य पेशा सम्बन्धि सबै विद्या र तहकाशिक्षा (हेल्थप्रोफेसनलएजुकेसन) सम्झनु पर्छ । |
| ३ | दफा २(ध) "सार्बजनिक शिक्षण" संस्थाको परिभाषामा थप्नु पर्ने | "प्राविधिकशिक्षातथाव्यवसायिकतालिम परिषद" |
| ४ | दफा २ को परिभाषा खण्डमा परिषदको परिभाषा थप्नु पर्ने | "परिषद"भन्नाले प्रचलितकानुनबमोजिम स्थापनाभएको प्राविधिकशिक्षातथाव्यवसायिकतालिम परिषद सम्झनुपर्छ |
| ५ | दफा २ को परिभाषा खण्डमाप्रशिक्षकको परिभाषा थप्नु पर्ने | "प्रशिक्षक"भन्नाले शिक्षण संस्थाको प्रमाणपत्र तहमाअध्यापनगर्न नियुक्तव्यक्ति सम्झनुपर्छ |
| ६ | दफा ५.१ मा थप गरिनु पर्ने | • उपाध्यक्ष, प्राविधिकशिक्षातथाव्यवसायिकतालिम परिषद<br>• अध्यक्ष, विश्वविद्यालयअनुदानआयोग<br>• अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद<br>• अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद<br>• अध्यक्ष, नेपालनर्सिंग परिषद<br>• अध्यक्ष, नेपाल स्वास्थ्यव्यवसायी परिषद<br>• अध्यक्ष, नेपालफार्मेसी काउन्सिल |

| | | |
|---|---|---|
| | | ● स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहका मेडिकल तथानर्सिंगलगायतकाआधिकारिक पेशागत संगठनका अध्यक्षहरुमध्यबाट कम्तीमा एक जनामहिलासहित २ जना<br>● मेडिकल र डेन्टल बाहेककानिजी शिक्षण संस्था सञ्चालकहरुको राष्ट्रिय स्तरको आधिकारिक संगठनका अध्यक्ष<br>● नागरिक समाजकालब्ध प्रतिष्ठित एक महिलासहित २ जना |
| ७ | दफा ६(ख) मानिम्नबमोजिम परिमार्जन गर्ने | संघ तथाप्रदेश तहकाचिकित्साशिक्षाको **सबै तहतथाविधाको** मापदण्ड र स्तर सम्बन्धिनीतितथा मापदण्ड निर्धारण गर्ने |
| ८ | दफा ६ (च) मानिम्नबमोजिम परिमार्जन गर्ने | चिकित्साशिक्षाको बिषयमाआवश्यकताअनुसार बिश्वविध्यालय, प्रतिस्ठान र **परिषद**लाई निर्देशनदिने |
| ९ | दफा ११को उपदफा ४ लाई उपदफा ५ बनाई निम्न उपदफा ४ थप्ने | ११(४): दफा १२ को उपदफा १ को खण्ड (क) बमोजिमको शैयामा अस्पताल सञ्चालननगरेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ हुनु अगावै आशयपत्रपाइसकेको भएमा सो खण्ड बमोजिमको शर्त तोकिएको अवधिभित्र पूरा नगरेमात्यस्ता शिक्षण संस्थाको आशयपत्रनवीकरण गरिनेछैन । |
| १० | दफा १२मा उपदफा २ थप गरिनु पर्ने | १२(२): यो ऐनप्रारम्भ भएको मितिले १० वर्षसम्म काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा मेडिकल, डेन्टल र नर्सिंग विषयमा स्नातककार्यक्रम सञ्चालनगर्नकालागि शिक्षण संस्था स्थापनागर्न आशयपत्रप्रदानगरिने छैन । |
| ११ | दफा १३ (१) मानिम्नबमोजिम परिमार्जन गर्ने | प्रचलितकानूनमाजुनसुकै कुरा लेखिएको भएतापनिबिश्वबिध्यालय र प्राबिधिकशिक्षातथाव्यवशायिकतालिम परिषदले आफ्नो आंगिककार्यक्रमनभएकाबिषयमाकुनैपनि शिक्षण संस्थालाई सम्बन्धनदिन सक्ने छैन । |
| १२ | दफा १३ को उपदफा ५ को खण्ड ( | अस्पताल संचालन सम्बन्धमा स्वास्थ्यतथा जनसंख्यामन्त्रालय र नेपाल मेडिकल |

| | | |
|---|---|---|
| | ख) को सट्टा गरिनु पर्ने व्यवस्था | काउन्सिलवाआयोगको स्वीकृतिपत्रलिई आफ्नै अस्पताल पूर्ण रुपमा संचालन गरेको तिनवर्षको अवधि पुरा नभएको । |
| १३ | दफा १३ मा उपदफा ६ र ७थपिनु पर्ने | ६. अन्यत्रजुनसुकै कुरा लेखिएको भएतापनि एक विश्वविद्यालयले ५ भन्दा बढी शिक्षण संस्थालाई सम्बन्धनदिन सक्ने छैन ।<br><br>७. अन्यत्रजुनसुकै कुरा लेखिएको भएतापनि काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको हकमा यो ऐन प्रारम्भ भएको १० वर्षसम्मकुनै पनि शिक्षण संस्थालाई सम्बन्धनदिइने वाचिकित्साशिक्षा सम्बन्धीकुनै संस्थावा प्रतिष्ठान स्थापनागरिने छैन । |
| १४ | दफा १५ को उपदफा (३) लाई उपदफा (५) बनाई उपदफा (३) थप्ने | (३) परिषदअन्तर्गत रहेका प्रमाणपत्र तहकाकार्यक्रमहरुको प्रत्यायननिर्देशनालयवाआयोगले तोकेको निकायले गर्ने छ । |
| १५ | दफा १५ मा उपदफा (४) थप्ने | (४)उपदफा १ र २ माजुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्ररम्भ भएको मितिले ५ वर्षसम्म परिषदअन्तर्गत रहेका प्रमाणपत्र तहभन्दातल्लो तहकाकार्यक्रमहरुको प्रत्यायन सम्बन्धीकार्य परिषदले गर्न सक्नेछ । |
| १६ | दफा १६ को उपदफा ५ मा खण्ड (ग) थप्ने | (ग) परिषदअन्तर्गत प्रमाणपत्र तहका स्वास्थ्यशिक्षा सम्बन्धिकार्यक्रमहरुको प्रवेश परिक्षा सम्बन्धिव्यवस्थाआयोगको समन्वयमा परिषदले गर्ने छ । |
| १७ | दफा १७ (७) मानिम्नबमोजिम परिमार्जन गर्ने | सार्बजनिक शिक्षण संस्थाले स्नातक स्तरको कार्यक्रममाउपलब्ध सिट संख्याको कम्तिमापच्चहत्तर प्रतिशत सिट निशुःल्क छात्रवृतिको लागिव्यवस्थागर्नु पर्नेछ र आयोगको परामर्शमात्यस्तो सिट क्रमशः बृद्दि गर्दै लैजानु पर्नेछ । |
| १८ | दफा १८ को उपदफा ५हटाउने र सो को सट्टामानिम्नव्यवस्थागर्ने | (६) यस ऐनमाअन्यत्रजुन सुकै कुरा लेखिएको भएतापनि नेपालीबिधार्थीको हकमा यो ऐन प्रारम्भ भएपश्चात संचालनगरिने चिकित्सा क्षेत्रको |

| | | |
|---|---|---|
| | | स्नातकोत्तर तह सबै शिक्षण संस्थामानिशुल्कहुनेछ । |
| १९ | दफा २१ मा उपदफा २ थप्ने | २. परिषदअन्तर्गतका शिक्षण संस्थामाआयोगले तोकेबमोजिमको न्युनतम योग्यता र अनुभवभएकाप्रशिक्षकको व्यवस्थागर्नु पर्नेछ । |
| २० | दफा २३ को उपदफा १ | दफा २३ को उपदफा १ को खण्ड (ग) मा रहेको महिला पछिको “सहिततिनजना“भन्ने शब्दावली हटाउने । |
| २१ | दफा ३८(१) सम्बन्धमा | दफा ३८(१)माप्रयुक्त “सुगम ठाउमा तिनवर्ष वादुर्गम ठाउमा दुइवर्ष“ भन्ने शब्दावलीको सट्टामा “सुगम ठाउमा एक वर्ष र दुर्गम ठाउमा एक वर्षगरि दुई वर्ष“ भन्ने शब्दावली राख्ने । |
| २२ | दफा ४५ पछि दफा ४६ थप गरि अन्यदफाहरुलाई क्रमश:मिलाउने | दफा ४६ नेपाल सरकारले शिक्षण संस्था सञ्चालनगर्न सक्ने:यस ऐनमाअन्यत्रजुनसुकै कुरा लेखिएको भएतापनिकुनै पनि सार्वजनिक मेडिकल कलेज वा प्रतिष्ठान नभएकाप्रदेशमा नेपाल सरकारले यो ऐन प्रारम्भ भएको ५ वर्षभित्रकम्तीमा एउटा सार्वजनिक मेडिकल कलेज सञ्चालनगर्नुपर्नेछ । |